भूमिकास्थान नगरपालिका नगर कार्यपालिका बैठक मिति २०८३/०४/२६ बैठक संख्या: १

## पहिलो बैठक

आज मिति २०८३।०४।२६ गते मंगलबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री रबिन्द्र प्रसाद चौधरी | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

निर्णय प्रमाणित गरिएको

२२. चिन्ता बहादुर बस्नेत वडा अध्यक्ष वडा नं. ६ भूमिकास्थान न.पा.

भूमिकास्थान नगरपालिका नगर कार्यपालिका बैठक मिति २०८३/०४/२६ बैठक संख्या: १

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | तुल्सी प्रकाश गिरी | प्रशासन शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | शेषकान्त घिमिरे | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २४. | जितेन्द्र श्रेष्ठ | प्राविधिक अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | सुनिल पोखेल | स.लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | मणिराम कुंवर | जिन्सी शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २७. | युवराज आचार्य | कृषि शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अधिल्लो बैठकको समिक्षा सम्बन्धमा,
२. नगरपालिका भित्रका वडाहरुको सीमा हेरफेर सम्वन्धमा,
३. विपद व्यबस्थापनका एजेण्डा सम्बन्धमा,
४. विविध।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अधिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अधिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो।

- मिति २०८३ असार १० गते सम्पन्न नगरसभाको १९औं अधिवेशनबाट आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक २०८३, विनियोजन विधेयक २०८३, आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत, छलफल तथा पारित भै नगरसभा सम्पन्न भएको।
- भूमिकास्थान नगरपालिकाको आ.व.२०८३/०८४ को बार्षिक नगर विकास योजना तयार भई प्रकाशनको अन्तिम चरणमा रहेको।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ माथि छलफल गर्दा भूमि व्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५०५, मिति २०८३/०३/०५ को प्राप्त पत्रानुसार भूमिकास्थान नगरपालिकाका १० वटा वडाहरु मध्ये आवश्यकताको पहिचान गरी वडा विभाजन तथा सीमाना हेरफेर नहुँदा समस्या उत्पन्न भएका वडाहरुको संख्या, सीमाना तथा केन्द्र निर्धारण गर्ने प्रयोजनका लागि प्रारम्भिक चरणमा तपसिल बमोजिमको एक अध्ययन कार्यदल गठन गर्ने र उक्त कार्यदलले भूमि व्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रसाथ प्राप्त **गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड,** २०८३ बमोजिम प्रतिवेदन तयारीको कार्य अगाडि बढाउने निर्णय गरीयो।

**तपसिल**

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | संयोजक |
| २ | नगर उपप्रमुख | सदस्य |
| ३ | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४ | नगरपालिकाको प्राविधिक शाखा प्रमुख | सदस्य |
| ५ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विषयविज्ञलाई आमन्त्रण गर्न सकिने छ।

**निर्णय नं.३ :** जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको च.नं. १३९, मिति २०८३/०४/१४ को पत्रानुसार जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको आगामी बैठकमा छलफलका लागि आवश्यक विषयवस्तु (एजेण्डा) उपलब्ध गराइदिन अनुरोध भई आएकोमा यस भूमिकास्थान नगरपालिकाको स्थानीय वन वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठकमा ब्यापक छलफल भई निर्णयार्थ यस बैठकमा पेश भएका तपसिलमा उल्लेखित एजेण्डाहरु जिल्ला विपद व्यबस्थापन समितिको बैठकमा एजेण्डाको रुपमा छलफल गरी कार्यान्वयन गर्ने प्रयोजनका लागि सिफारिस गरी पठाउने निर्णय गरीयो।

**तपशिल**

१ पहिरो रोकथाम वडा नं. ९ को डेभा देखि मृगस्थली झरना सम्मको लगायत।
२ बादर तथा बदेल नियन्त्रण १० वटै वडाहरूमा।
३ पुनःनिर्माण प्राधिकरणबाट मनसुनजन्य विपद प्रभावित निजी आवस पुनर्स्थापन अन्तर्गत निर्माण सम्पन्न भएका घरहरूको रकम भुक्तानी सम्बन्धमा।

निर्णय प्रमाणित गरिएको

२०८३/०४/२६

४. खाकावेसी, लम्ची र साम्ने खोला कटान क्षेत्र रोकथाम सम्बन्धमा ।

५. नगरपालिका अन्तरगतका वडाहरूमा पहिरोबाट जोखिममा परेका घरहरूको पुनर्वास सम्बन्धमा ।

**निर्णय नं.४ :** भूमिकास्थान नगरपालिकाको देहायमा उल्लेखित योजनाहरु गत आ.ब.२०८२/०८३ को जेठ महिनामा निर्माण सम्पन्न गर्नुपर्नेमा आ.ब.२०८२/०८३ मा निर्माण सामग्रीमा भएको अत्यधिक मूल्यबृद्धिका कारण निर्माण सामग्रीको बजारमा अभाव सृजना भई निर्माण कार्य अगाडि बढाउन नसकेको कारण दर्शाई निर्माण ब्यबसायीहरुबाट उक्त योजनाको म्याद थपका लागि निवेदन पेश भई निर्माण कार्य अधुरो रहेकोमा उक्त योजनाको निर्माण कार्यको म्याद थपका लागि निर्माण ब्यबसायीबाट भएको अनुरोध बमोजिम चालु आ.ब.२०८३/०८४ को असोज मसान्तसम्ममा अधुरो कार्य पुरा गर्नेगरी कार्यालयबाट भएको म्याद थपलाई अनुमोदन गरी उक्त समयावधी भित्र निर्माण कार्य सम्पन्न नगरेमा उक्त निर्माण ब्यबसायीहरुबाट ठेक्का तोडि नयाँ ढंगले अगाडि बढ्ने गरी उक्त बेल्बोट डाँडागाउँ दुर्वाङ्ग मोटरबाटो कालोपत्रे गर्ने कार्यको अधुरो कार्यका लागि चालु आ.ब.२०८३/०८४ मा आवश्यक पर्ने बजेट रकम रु.३३,१०,०००।- (तेत्तीस लाख दशहजार रुपैया मात्र) आ.ब.२०८२/०८३ को बजेटबाट बचत भई अ.ल्या. हुने रकमबाट भुक्तानी उपलब्ध गराउने गरी योजनाको निर्माण कार्य अगाडि बढाउने निर्णय गरीयो ।

<u>तपसिल</u>

१. **बेल्बोट डाँडागाउँ दुर्वाङ्ग मोटरबाटो कालोपत्रे गर्ने कार्य**-म्याद थप तथा उपरोक्तानुसारको बजेटको सुनिश्चितता,
२. **कुचुरेपानी थारपाईला राईखन्ने र सेतिपोखरी जलाम सल्लेनधारा मोटरबाटो स्तरोन्नती** - म्याद थप

**निर्णय नं.५ :** पूर्वाधार विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौको, च.नं.५४०, मिति २०८३/०२/०७ र खानेपानी तथा ढल व्यवस्थापन विभाग (योजना तथा विपद व्यबस्थापन शाखा), पानीपोखरी, महाराजगंज, काठमाण्डौको च.नं.१२९, मिति २०८३/०२/१२ को पत्रानुसार खानेपानी आयोजनाहरुको लागत साझेदारीमा एकरुपता कायम गर्ने सम्बन्धमा नगरपालिका क्षेत्रमा कार्यान्वयन हुने योजनाको हकमा ३ प्रतिशत नगद सहभागिताको सहितको पूँजीगत/लागत साझेदारी कायम हुनेगरी आ.ब.२०८३/०८४ देखि खानेपानीका आयोजनाहरु कार्यान्वयन गर्न गराउन सम्वद्ध निकायहरुमा पत्राचार भएको प्राप्त पत्र बमोजिम यस नगरपालिकाको खिल्जी साम्नेगाउँ बृहत्त खानेपानी आयोजना स्किम नं.२ सञ्चालनका सन्दर्भमा योजना निर्माणका लागि नगरपालिकाबाट कुल बजेटको ३ प्रतिशत लागत साझेदारी गर्नुपर्ने भएकोले उक्त योजनामा बजेट विनियोजन भई निर्माण कार्य सुनिश्चित भएमा खर्च बमोजिमको रकममा ३ प्रतिशतले हुन आउने रकम आ.ब.२०८३/०८४ मा म्याचिङ्ग फण्ड शीर्षकमा विनियोजित बजेट र नपुग हुने रकम बचत अ.ल्या.बाट लागत साझेदारी गर्ने निर्णय गरीयो ।

**निर्णय नं.६ :** भूमिकास्थान नगरपालिकाको चिदिचौर स्थित १५ सैयाको आधारभूत अस्पतालबाट प्रदान गरिने उपचार सेवालाई व्यवस्थित गर्ने प्रयोजनका लागि आवश्यक निम्नानुसारका शीर्षकहरुमा देहाय बमोजिमको शुल्क निर्धारण गर्ने निर्णय गरीयो ।

तपसिल

| S. No. | Items | Rate NRs. | S. No. | Items | Rate NRs. |
|---|---|---|---|---|---|
| 1 | CBC | 150 | 20 | OT | 600 |
| 2 | Blood Urea | 150 | | PT | 150 |
| 3 | Creatinine | 150 | | TP | 150 |
| 4 | Fasting Blood sugar | 50 | | Alp | 150 |
| 5 | Random Blood sugar | 50 | | Bilirubin | 150 |
| 6 | PP Blood sugar | 50 | | JP | 150 |
| 7 | Widal test | 120 | | Alb | 150 |
| 8 | ANC package | 500 | 21 | ESR | 50 |
| 9 | HCV | 250 | 22 | Blood grouping | 80 |
| 10 | VDRL | 130 | 23 | Dengue | 600 |
| 11 | HIV | Free | 24 | Scrub typhus | 800 |
| 12 | Hbsag | 150 | 25 | Lipid profile | 500 |
| 13 | Malarial parasite- free | | | TG | 250 |
| 14 | CRP | 150 | | Ch | 250 |
| 15 | RA | 130 | 26 | UPT | 60 |
| 16 | ASO | 150 | 27 | Urine RIE | 40 |
| 17 | Haemoglobin (Hb) | 30 | 28 | Stool RIE | 40 |
| 18 | Total leucocyte count(WBC) | 30 | 29 | AFB- Free | |
| 19 | Uric Acid | 150 | | | |

टिकट शुल्क रु. : **OPD : 20, Emmergency : 50**

निर्णय प्रमाणित गरिएको

२०८३/०४/२६

**निर्णय नं.७ :** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गठित अर्घाखाँची जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी तयार गरेको आ.व. २०८३/०८४ को लागि ज्याला, विभिन्न वस्तु तथा निर्माण सामग्रीको दररेट सम्बन्धी विस्तृत विवरण बैठकमा प्रस्तुत भई छलफल हुँदा उक्त जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट समेतलाई आधारमानी तयार भएको भूमिकास्थान नगरपालिकाको आ.व. २०८३/०८४ को नगर दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.८ : नगर शिक्षा अनुदान तर्फ यस नगरपालिका भित्रका विभिन्न विद्यालयहरूमा कार्यरत शिक्षकहरू मध्ये हाल बाल विकास तर्फ र आधारभूत तह (१-५) तर्फका शिक्षकहरूको निरन्तरताको सन्दर्भमा पछिल्लो समय विद्यालयमा विद्यार्थीहरूको संख्या मापदण्ड भन्दा निकै कम संख्यामा रहेको पाइएकोले उक्त बाल विकास तर्फ र आधारभूत तह (१-५) सम्मका शिक्षकहरूलाई २०८३ साल भाद्र १ गतेदेखि लागु हुनेगरी करार सम्झौताको म्याद थप नगर्ने निर्णय गरीयो ।

निर्णय नं.९ : कोहलपुर नगरपालिका, कोहलपुर, बाँकेको च.नं.१४२, मिति २०८३/03/२0 गतेको पत्रबाट भूमिकास्थान नगरपालिकाको वडा नं.२ निवासी स्व.चडे घर्तीको नातिनी, तिलक बहादुर घर्ती र हुमा कुमारी घर्तीको छोरी अमृता घर्ती (ना.प्र.नं.४०-०१-७२-०३६९१), ले उक्त नगरपालिकाद्वारा सञ्चालन गरिएको भूमिहिन सुकुम्बासी होल्डिङ्ग सेन्टरमा बसेको र स्वघोषित रुपमा भूमिहिन सुकम्बासी फर्म भरेकोमा निजको व्यवस्थापन यसै नगरपालिकाबाट गर्न भनि जानकारी प्राप्त भई आएकोले भूमि शाखाबाट सो को वास्तविकता अध्ययन गरी आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरीयो ।

निर्णय नं.१० : भूमिकास्थान नगरपालिकाको मानव वन्यजन्तु द्वन्द व्यवस्थापन (बाँदर बँदेल नियन्त्रण) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कृषि शाखाबाट तयार भएको प्रस्ताव बैठकमा प्रस्तुत भई व्यापक छलफल भयो । सो सन्दर्भमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय समेतको सहभागितामा तत्काले व्यापक छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने र सोही छलफलबाट आगामी कार्यदिशा तय गर्नेगरी अघि बढ्ने निर्णय गरीयो ।

निर्णय नं.११ : १५ सैयाको आधारभूत अस्पताल सञ्चालनका लागि संघीय सशर्त तर्फ विनियोजित बजेट र भूमिकास्थान नगरपालिकाबाट निःशर्त अनुदान तर्फ विनियोजित बजेटबाट उक्त अस्पतालको प्रभावकारी सञ्चालनका लागि आवश्यक अस्पताल व्यवस्थापन तर्फ खर्च हुने रकमको प्याकेज निर्धारण गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय प्रमाणित गरिएको

२०८३/08/26